मिति:२०८१/०६/२१ | बैठक संख्या:६

प्रस्तावहरु:

१. शुभकामना आदान प्रदान सम्बन्धमा।
२. सियारी-७, प.अमवामा संचालन हुने रामलिला मेलामा शान्ति सुरक्षा व्यवस्थापन सम्बन्धमा।
३. नदिजन्य पदार्थ चोरी निकासी नियन्त्रण सम्बन्धमा।
४. सम्मान गर्ने सम्बन्धमा।

निर्णयहरु:

निर्णय नं १. प्रस्ताव नं १ माथि छलफल गर्दा विजया दशमी, शुभ दिपावली एंव छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण सियारीबासीमा शुभकामना व्यक्त गर्ने निर्णय गरियो।

निर्णय नं २. प्रस्ताव नं २ माथि छलफल गर्दा मिति:२०८१/०६/२३ देखि २६ गतेसम्म सियारी-७, प.अमवामा संचालन हुने रामलिला मेला संचालन अनुमति र शान्ति सुरक्षाको लागि जिल्ला प्रशासन कार्यालय, रुपन्देहीमा सिफारिस गरि पठाइएकोमा स्वकृति प्राप्त भएपछि स्थानीय सुरक्षा निकायका प्रमुखहरुले ७ नं वडाका वडा अध्यक्षको अध्यक्षतामा बैठक बसि आयोजक समितिसँग आवश्यक मात्रामा स्वयंसेवक माग गरि निजहरुकै समन्वयमा शान्ति सुरक्षा कायम गरि रामलिला संचालन गर्ने निर्णय गरियो।

निर्णय नं ३. प्रस्ताव नं ३ माथि छलफल गर्दा नदिजन्य पदार्थ चोरी निकासी नियन्त्रणको लागि मिति:२०८१/०६/२२ गते देखि यस सियारी गाउँपालिकामा रहेको पिक अप गाडी शान्ति सुरक्षाको लागि ई.प्र.का. बनघुसरी र सशस्त्र प्रहरी बल नेपाल, सुरक्षा बेस अमुवालाई चालक सहित संयुक्त रुपमा उपलब्ध गराउने र सो गाडीमा यस गाउँपालिका अन्तर्गत रहेका सबै सुरक्षा निकायबाट आलो-पालो गरि सिफ्ट मिलाई सशस्त्र, जनपद र गाउँपालिकाका कर्मचारीबाट सार्वजनिक बिदाको समय अवधिभर गस्ति अनुगमन गर्ने, चोरी निकासी भइ जफत नदीजन्य पदार्थ नापजाँचको लागि यस गाउँपालिकाका अ.स.ई. श्री किरण क्षेत्रीले सो को व्यवस्था मिलाउने, अनुगमन अवधिको नियमानुसार खाना खाजा भत्ता र इन्धनको व्यवस्था गाउँपालिकाले उपलब्ध गराउने निर्णय गरियो। साथै चोरी निकासीका गाडीको जरिवाना रकम कम भएकोले तत्काल‍ै राजश्व परामर्श समितिको बैठक राखि सो समितिको बैठकको निर्णय सिफारिस अनुसार जरिवाना रकम वृद्धि गरि सम्बन्धित व्यक्तिलाई सार्वजनिक सम्पत्ति हानी नोक्सानी पुर्याएकाले सार्वजनिक अपराध अन्तर्गत कारबाही प्रकृया अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं ४. प्रस्ताव नं ४ माथि छलफल गर्दा मिति:२०८१ जेष्ठ २८ गतेका दिन सियारी गाउँपालिका वडा नं ४ छपिया काठमाण्डौ संचालित रात्रि बस नारायण मुग्लिङ्ग सडक खण्डमा सुख्खा पहिरो झरि नवलपरासी जिल्ला निवासी सवारी चालक मेख बहादुर बि.क. ले आफु घाइते भएर पनि सो बसमा सवार यात्रुहरुलाई सकुसल अवतरण गराई निजको मृत्यु भएकोले निजका आस्रित परिवारलाई राहत स्वरुप रु.२५,०००/ गाउँपालिका अध्यक्षको कोषबाट सम्मान स्वरुप उपलब्ध गराउने र मिति:२०८१/०६/१२ गतेका दिन ललितपुरको नख्खु खोलाले बगाइ ल्याएका २ जना बाढी पिडितलाई उद्दार गरि बचाउने साहस गरेकोमा चणिकलाल तामाङलाई रु.२५,०००/ सहित सम्मान गर्ने निर्णय गरियो।